☎ ०१०-४०११९७
info@dhunibeshimun.gov.np

# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## खानीखोला, धादिङ
## ३ नं. प्रदेश नेपाल

**धुनिवेशी नगरपालिकाको प्रविधि तथा सीप विकास कार्यक्रमहरु सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७५/१/२५)

धुनिवेशी नगरपालिकाको आ.ब. ०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार लक्षित समुदायहरुको लागि देहायका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई २०७५ जेष्ठ १ गते भित्र नगर कार्यापालिकाको कार्यालय, खानीखोला वा आ-आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

साथै धुनिवेसी नगरका विभिन्न स्थानमा हुने उक्त कार्यक्रमहरु संचालन गर्न ईच्छुक सरकारी निकाय, सहकारी संस्था, फर्म वा कम्पनी, गैर सरकारी संस्थाहरुवाट तालिम संचालनको अनुभव र तालिम दिने व्यक्तिको वैयक्तिक विवरण सहितको प्रस्ताव सोही अवधि भित्र प्रस्ताव पेश गर्न हुन समेत सूचित गरिन्छ ।

| क्र.स. | कार्यक्रम | कार्यक्रम हुने स्थान र सहभागि हुने संख्या | सहभागि हुन चाहनेको योग्यता | पेश गर्नुपर्ने विवरण |
|---|---|---|---|---|
| १ | मुडा वनाउने तालिम | खानीखोला २५ जना<br>जीवनपुर २५ जना (जीवनपुर र छत्रेको लागि) | ४५वर्ष उमेर ननाघेको, वेतवासबाट विभिन्न सामगिहरु निर्माण गर्ने पेशामा आवद्ध भएको वा उक्त पेशा वा व्यवसाय गर्न इच्छुक | आफुले गरिरहेको पेशाको विवरण खुलेको निवेदन र अन्य कागजात |
| २ | क्रिष्टल वेड बुनाई १५ दिने तालिम (महिला मात्र) | खानीखोला २५ जना<br>छत्रेदेउराली २५ जना (छत्रे र जीवनपुरको लागि) | ४५ वर्ष उमेर ननाघेको, सामान्य लेखपढ गर्ने जान्ने, उक्त व्यवसाय गरिरहेको वा गर्न इच्छुक | आफुले गरिरहेको पेशाको विवरण खुलेको निवेदन र अन्य कागजात |
| ३ | लेखन सीप तालिम (२७ जना) | खानीखोला २५ जना (नगरक्षेत्रका सवै वडाको लागि) | एस.इ.ई. वा सो सरह अध्ययन गरेको, तालिम लिई सुरक्षा निकाय, स्थानीय तह एवं स्थानीय न्यायीक समितिमा पेश गर्नुपर्ने विभिन्न लिखत कार्य गर्न सहयोग गर्न सक्ने । | निवेदन, शैक्षिक प्रमाणपत्र र अन्य कागजात |
| ४ | आरन सुधार सहयोग कार्यक्रम | धुनिवेशी नगरक्षेत्र भित्र (१८ वटा) | परम्परागत रुपमा आरन सम्बन्धि व्यवसाय संचालनवाट जिविकोपार्जन गर्दै आएको र सो को सुदृढीकरण गर्न आवश्यक भएको, प्रविधिमा आधारित आरन व्यवसाय संचालन गर्न इच्छुक रहेको । | सुधार गर्न चाहेको आरनको विवरण सहितको निवेदन र अन्य कागजात |

पुनस्च : उपरोक्त कार्यक्रमहरुको लाभान्वित वर्ग छनौट गर्दा दलित, महिला, पिछडिएको समुदायलाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
धुनिवेशी नगरपालिका, धादिङ

राजेन्द्र बहादुर अर्याल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner